आज मिति २०८१ साल मङ्सिर २६ गते बुधबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ५०औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोका | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | नि. प्र. प्र. अ. | लोकेन्द्र बहादुर विष्ट | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |

कार्यवाहक:

१. वडा अ. ७. सविता दुलाल

२. " ६ विष्णु प्र. नेपाल

## २०८१/०८/२६ गतेको नगर कार्यपालिकाको ५०[औं] बैठकका निर्णयहरु

### एजेन्डाहरू

१. मिति २०८१/०८/१२ गतेको कार्यपालिकाको ४९[औं] बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाको वडास्तरिय कोषमा पालिकाबाट रु.५०००।- थप गर्ने सम्बन्धमा ।
३. स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्र भवन निर्माण गरिदिन प्रदेश स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने सम्ब्रन्धमा (जग्गा पर्ति वा पूर्जा भएको)।
४. इन्द्रावती नदीमा एक्स्काभेटर प्रयोग अनुमति प्रदान गर्ने सम्बन्धमा ।
५. ३१९४ को मर्मत सम्भार सम्बन्धमा ।
६. महाकाली मा.वि. स्टेशनरी टहरा हटाउने सम्बन्धमा ।
७. विपद्को विद्यमान अवस्था र आगामी योजना सम्बन्धमा ।
८. विपद् व्यवस्थापनमा भएको खर्च अनुमोदन सम्बन्धमा ।
९. नगर अस्पतालको लागि वैकल्पिक उर्जा र अन्य व्यवस्थापन सम्बन्धमा ।
१०. स्थानीय शिक्षा सेवा आयोगलाई क्रियशिल बनाई परिक्षा सञ्चालन गर्ने सम्बन्धमा ।
११. स्वागत द्वार निर्माण तथा कार्यसम्पन्न गर्ने सम्बन्धमा ।
१२. विविध ।

### निर्णयहरु

निर्णय नं.१

नगर कार्यपालिकाको मिति २०८१/०८/११ गतेको ४९[औं] नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गर्दै देहायका पुरक निर्णयहरु गरियो।

क. नगर कार्यपालिकाको मिति २०८१/०८/११ गतेको ४९[औं] नगर कार्यपालिका बैठकको निर्णय नं. ४ (ग) मा मण्डनदेउपुर नगरपालिका वडा नं. ११ मा सञ्चालित पशुपालन फर्मलाई नमुना पशुपालन फर्मका रुपमा विकास गर्ने सम्बन्धमा उल्लिखत फर्मको तपसिल बमोजिमको अनुगमन समितिबाट अनुगमन गरी छनौटका तोकीएका आधार पुरा भएको अवस्थामा आ.व. २०८१/०८२ को लागि प्रदेश सशर्त अनुदान अन्तर्गत प्रास बाख्रा प्रवर्द्धन कार्यक्रम, मण्डनदेउपुर ११ बमोजिमको पशुपालन अनुदान रकम उपलब्ध गराउने।

तपसिलः अनुगमन समिति

- संयोजकः नगर उप-प्रमुख श्री विष्णुमणी नेपाल
- सदस्यः वडा अध्यक्ष-सम्बन्धित वडा श्री दिपेन्द्र लामा तामाङ

टोक बहादुर वाईबा
नगर प्रमुख

- सदस्यः वडा अध्यक्ष वडा नं. ४ श्री मैते सिं तामाङ
- सदस्यः वडा अध्यक्ष-वडा नं. ८ श्री निरञ्जन विष्ट
- सदस्यः कृषि शाखा प्रमुख, मण्डनदेउपुर नगरपालिका
- सदस्य-सचिवः पशु सेवा शाखा प्रमुख, मण्डनदेउपुर नगरपालिका

ख. नगर कार्यपालिकाको मिति २०८१/०८/११ गतेको ४९ औं नगर कार्यपालिका बैठकको निर्णय नं. ६ बमोजिम गठित कार्यदलसँग ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोकका प्रतिनिधिहरुबाट कुनै समन्वय गर्ने प्रयास नभएकोले सो सम्बन्धमा समन्वय बैठकका लागि मिति २०८१/०८/२७ सम्मको समयसिमा तोक्ने र सो समयसम्ममा समन्वय बैठक बसी नदी सिमाङ्कनका सम्बन्धमा कुनै ठोस पहल गर्न नसकेमा उल्लिखित मितिको निर्णय नं. ८ (च) बमोजिम आ.व. २०८१/०८२ को लागि यस नगरपालिका र ईन्द्रावती गाउँपालिकाबिचको सिमानाक्षेत्र सोतेमा ह्युम पाइप राखी निर्माण गरिएको अस्थायी सडक सञ्चालनमा रोक लगाउने निर्णय गरियो। साथै, दुबै पालिकाबिचको समन्वय बैठकबाट नदी सिमाङ्कनका लागि नापी विभागमा संयुक्त निवेदन पेश गर्ने निर्णय गरियो।

निर्णय नं.२

मण्डनदेउपुर नगरपालिका क्षेत्रमा कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई थप प्रोत्साहित गर्ने उद्देश्यले उनीहरुको विद्यमान वडास्तरीय कोषमा नगरपालिकाको तर्फबाट प्रति वडा रु. ५०००/- (अक्षरेपि पाँच हजार रुपैंया मात्र) रकम थप गर्ने निर्णय गरियो।

निर्णय नं.३

मण्डनदेउपुर नगरपालिकाका तपसिलका स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र निर्माणका लागि बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

| क.सं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | आधारभुत स्वास्थ्य सेवा केन्द्र, ढाँडागाउँ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | म.दे.न.पा.-१ | |
| २. | नयागाँउ स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | म.दे.न.पा.-३ | |
| ३. | शहरी स्वास्थ्य केन्द्र, चण्डेनी | शहरी स्वास्थ्य केन्द्र | म.दे.न.पा.-१० | |

निर्णय नं. ४

क. मण्डनदेउपुर नगरपालिका अन्तर्गतको ईन्द्रावती नदीबाट स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) बमोजिम नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्ने सम्बन्धमा आ.व. २०८१/०८२ को लागि अनुमती पाएको निर्माण व्यवसायी सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. ले नदीजन्य पदार्थ उत्खनन् का लगि मेशिन प्रयोग गर्न अनुमती माग गरेकोमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE)

टोक बहादुर वाईबा
नगर प्रमुख

र सम्झौताको शर्तनामामा उल्लेख भए बमोजिम शर्तहरुको अधिनमा रहि नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न मेशिन प्रयोग गर्न अनुमती दिने तथा उत्खनन् र संकलन कार्यको तोकिए बमोजिम नियमित वडास्तरीय र नगरस्तरीय अनुगमन गर्ने निर्णय गरियो।

ख. नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका नदीजन्य पदार्थमा आधारित उद्योगहरुलाई यस नगरपालिकामा नवीकरण हुनको लागि सात दिनको म्याद राखी पत्राचार गर्ने तथा तोकिएको समयसिमाभित्र नवीकरण नगर्ने उद्योगहरु बन्द गराउने निर्णय गरियो। साथै, नवीकरण भई सञ्चालनमा रहेका तथा ईन्द्रावती नदीबाट स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) बमोजिम नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न आ.व. २०८१/०८२ को लागि अनुमती पाएको निर्माण व्यवसायी सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. सँग अनुमती लिएका नदीजन्य पदार्थमा आधारित उद्योगहरुलाई नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न एक वा दुई मेशीन (क्रसर उद्योगका लागि दुई तथा वासिङ्ग उद्योगका लागि एक) प्रयोग गर्न अनुमती दिने निर्णय गरियो।

निर्णय नं. ५

मण्डनदेउपुर नगरपालिकामा रहेको बा.२.झ. ३१९४ नम्बरको चार पाङ्ग्रे सवारीसाधन विगत केहि समयदेखि बिग्रिएर रहेकोले उक्त सवारीसाधनको मर्मत सम्भार गरी जेष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति, महिला लगायतका नागरिकको निःशुल्क सहायताका लागि कुन्तावेशी-नगरपालिका-कुन्तावेशी तथा कुन्तावेशी-नगर अस्पताल-कुन्तावेशी रुटमा उक्त चार पाङ्ग्रे सवारी सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

मण्डनदेउपुर नगरपालिका वडा नं. ४ स्थित महाकाली माध्यमिक विद्यालय अगाडिको सडकको विपरित भागमा पहिरो गई सडक एकतर्फि भएको तथा विद्यालय भए पट्टिको स्थानमा विद्यालयको भोगचलनमा रहि विद्यालयले भाडामा लगाएको अस्थायी टहरोले गर्दा विद्यालय अगाडिको सडक चौडा बनाउन कठिनाइ भएको तथा साँघुरो सडकका कारण विद्यालय तथा विद्यार्थी आवतजावतमा समेत सुरक्षा संवेदनशिलता बढेकोले उक्त अस्थायी टहरा हटाई उक्त स्थान हुदैं सडक चौडा गर्ने र सो को जानकारीको लागि विद्यालयलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ७

गत असोज १० देखि १२ को वर्षाका कारण आएको बाढी र पहिरोका कारण भएको क्षतिको पूर्ण र एकीकृत विवरण संकलन कार्यलाई सम्पन्न गर्ने तथा सोही विवरणका आधारमा संघीय सरकार तथा मातहतका निकाय, प्रदेश सरकार तथा मातहतका निकाय, दातृ निकाय तथा गैर सरकारी संघ संस्थाहरुसँग विपद् पश्चातको पुनर्स्थापना र पुनर्निर्माणका लागि अनुरोध गर्ने तथा बाढी पहिरो प्रभावित स्थानहरुमा घरबास पुनर्स्थापना र पुनर्निर्माणका लागि उचित भौगर्भिक अवस्था रहे नरहेको यकिन गर्न बाढी पहिरो गएका स्थानहरुमा भुगर्भविद्को परिचालन गरि भौगर्भिक अध्ययन गर्ने तथा सोही अध्ययनका आधारमा

टोक बहादुर वाइबा
नगर प्रमुख

उपयुक्त रहेका स्थानमा मात्र स्थायी घर निर्माण गर्ने/गर्न अनुमती दिने निर्णय गरियो। साथै, २०७२ सालको महाभुकम्पमा घर भत्कि पुनर्निर्माण गरी उक्त घरमा नै स्थायी बसोबास गरिरहेका तथा अन्यत्र कतै पक्कि घर नबनाएका पिडितहरुको लागि मात्र घर पुनर्निर्माणका लागि नगरपालिका मार्फत अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ८

गत असोज १० देखि १२ को वर्षाका कारण आएको बाढी र पहिरोका कारण भएको क्षति पश्चात राहत तथा उद्धार र पुनर्स्थापना तथा पुनर्निर्माणका क्रममा भएका देहायका खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो।

क. पाइप खरिद तथा वितरण

| पाइपको प्रकार | खरिद भएको पाइप (मि.) | वितरण भएको पाइप (मि.)/वडा नं. | | | | | | | | खर्च भएको जम्मा (मि.) | स्टोर बाँकी (मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २ | ३ | ९ | १० | ११ | १२ | नगर अस्पताल | आयुर्वेद केन्द्र | | |
| ३२ एमएम | २००० | ४०० | ४०० | ० | ६०० | २०० | ० | ० | ० | १६०० | ४०० |
| २५ एमएम | २७०० | ० | ४०० | २०० | २०० | २०० | ५०० | २०० | ० | १७०० | १००० |
| २० एमएम | ४००० | ० | १६० | ३०० | ३०० | ६०० | १४०० | ० | १४० | ३००० | १००० |
| जम्मा | ८७०० | ४०० | ९६० | ५०० | ११०० | १००० | १९०० | २०० | १४० | ६३०० | २४०० |

ख. खाद्यान्न, भाँडाकुँडा राहत सामाग्री

- खाद्यान्न वितरणः ३५ परिवार (वडा नं. ७ मा १ परिवार, वडा नं. १० मा २१ परिवार, वडा नं. ११ मा २ परिवार तथा वडा नं. १२ मा ११ परिवार)
- खाद्यान्न सामाग्री विवरण (चामल ६७ बोरा, चिनी ६० के.जि., नून ३२ के.जि., तेल ६० लि. तथा दाल ७६ के.जि.)
- खाद्यान्न जम्मा रकम रु. २०५९०५/-
- भाँडाकुँडा ५ सेट (प्रति सेटः कुकर ३ लि. १ थान, कराई १ थान, थाल ४ थान, कचौरा ४ थान, गिलास ४ थान, डाडुपन्यु १-१ थान, जग १ थान, बाल्टी १ थान तथा प्लाष्टिक बाटा १ थान)
- भाँडाकुँडा सेट प्रति सेट रु. ५०००/- गरी जम्मा रु. २५०००/-
- वडाकार्यालयको सिफारिसमा नगर प्रमुखको तोक आदेशमा बाढी पहिरो पिडित आफैले त्रिपाल-प्लाष्टिक १० थान खरिद गरि विल पेश गरेको रकम रु. ३८९५०/-
- कुल जम्मा रु. २६९८५५/- (अक्षरेपि दुई लाख उनान्सत्तरी हजार आठ पचपन्न रुपैया मात्र)

ग. मृत्यु भएका व्यक्तिको परिवारलाई राहतः

- प्रति व्यक्ति रु. ५००००/- का दरले ७ (सात) जनाको जम्मा रकम रु. ३५००००/- (अक्षरेपि तीन लाख पचास हजार रुपैया मात्र)

टोक बहादुर वाईबा
नगर प्रमुख

## निर्णय नं. ९

मण्डनदेउपुर नगरपालिका अन्तर्गतको नगर आधारभुत अस्पतालमा वैकल्पिक विद्युतको स्रोत नभएकोले विद्युत नभएका समयमा सेवा प्रवाह बन्द हुने गरेकोले वैकल्पिक विद्युत व्यवस्थापनका लागि प्राविधिकको सुझाव अनुसार तोकिएको क्षमताको जेनेरेटर जडान गर्ने निर्णय गरियो।

## निर्णय नं. १०

मण्डनदेउपुर नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ (संशोधन समेत) र मण्डनदेउपुर नगरपालिकाको शिक्षा नियमावली, २०७४ (संशोधन समेत) तथा मण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षक सेवा आयोग सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को व्यवस्था बमोजिम मण्डनदेउपुर नगरपालिकाको स्थानीय शिक्षक सेवा आयोगलाई पूर्ण बनाइ उक्त आयोगलाई क्रियाशिल बनाउने तथा आयोग मार्फत विभिन्न विद्यालयका रिक्त शिक्षकका पदहरुको पदपुर्तिका लागि तोकिए बमोजिम तत्काल परिक्षा सञ्चालन गर्ने निर्णय गरियो।

## निर्णय नं. ११

आ.व. २०७९/८० मा सञ्चालित स्वागतद्वार ट्रस निर्माण योजना अन्तर्गत विभिन्न स्थानमा स्वागतद्वार निर्माण गर्ने क्रममा वडा नं. ८ को एक स्थानमा विवादका कारण निर्माण सम्पन्न भएको स्वागतद्वार जडान बाँकि रहेकै अवस्थामा सम्पन्न भएका कार्यहरुको आधारमा अन्तिम मूल्याङ्कनका लागि निर्माण व्यवसायीबाट निवेदन पेश भई सोही बमोजिम अन्तिम मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी कार्य स्विकार गरिएकोमा महालेखा परिक्षकबाट उक्त कार्य रुजु नभएको भनि प्रतिवेदन प्राप्त भएकोले बाँकि रहेको एक वटा स्वागतद्वार तोकिएकै स्थानमा निर्माण/जडान सम्पन्न गरि कार्यसम्पन्न गर्ने निर्णय गरियो। साथै, विवादित स्थानमा २०३१ सालको नापीका आधारमा यस नगरपालिका र पाँचखाल नगरपालिका विचको सिमाना यकीन गरी विवाद समाधान गर्न पाँचखाल नगरपालिकाका नगर प्रमुखसँग समन्वय गर्न यस नगरपालिकाका नगर उप-प्रमुखलाई जिम्मेवारी तोक्ने निर्णय गरियो।

## निर्णय नं. ११ विविध

क. विपद व्यवस्थापन कोषबाट खर्च गर्नेगरी विपद प्रभावित क्षेत्रका आवश्यक स्थानमा खानेपानी तथा सिंचाई कार्यका लागि तोकिए बमोजिमको स्पेसिफिकेशन अनुसार प्राविधिक लागत इष्टिमेट तयार गर्ने र सोही बमोजिम पाइप खरिद गरि उपलब्ध गराउने निर्णय गरियो।

ख. आ.व. २०८१/०८२ को लागि लघु उद्यम विकास कार्यक्रम तर्फका कार्यक्रमहरु वडा नं. ३ र ४ मा सञ्चालन गर्ने निर्णय गरियो।

टोक बहादुर वाईबा
नगर प्रमुख